नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## तल्लो सेती (तनहु) जलविद्युत (१२६ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा राय सुझावको लागि आहान गरिएको सूचना।

### सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः १४/०२/२०८२

विद्धुत विकास विभागबाट जारी पिआरओआर प्रकृतिको विद्युत उत्पादनको सर्भेक्षण अनुमतित्र नं. वि.वि.वि ०७४/७५ बि.उ.स. ९०३ रहेको तल्लो सेती (तनहु) जलविद्युत आयोजना (१२६ मे.वा.) को प्रस्तावक श्री तनहुँ हाइड्रोपावर लि.,थापाथली–१० काठमाण्डौ रहेकोछ, जो नेपाल सरकारको पुर्ण स्वामित्व रहेको ने.वि.प्रा.को परियोजना रहेको देखिन्छ । यो आयोजनामा एडीबी ऋण लगानी समेत रहनेछ । यो आयोजना तनहुको दमौलीभन्दा २४ कि.मी. तल सेती नदीमा निर्माण हुने जसको ३२ मीटर उचाइको उच्च बाँध,१२.७ कि.मी लामो जलाशय र सुरुङ ६.७५ किमी रहनेगरी प्रस्ताव गरिएको छ । साथै यसका हेडवर्क्स बेरेज, हेडरेस टनेल, पेनस्टक लगायत सबै संरचनाहरु सेती नदीको दायाँबायाँ र बन्दीपुरको सारगंघाट आसपास नै रहेका छन् । यसको हेडवर्क्स तनहुँको बन्दीपुर गा.पा. मा अबस्थित सारङघाट क्षेत्रमा छ भने यसको अर्ध भुमिगत विद्युतगृह तनहुकै देवघाट गा.पा. गाइघाटमा परेको छ । त्यसरी नै आयोजनाका लागि आवश्यक रहेका कार्यालय भवन, कामदार शिबीर, क्रसर प्लान्ट, उत्खननस्थल, उपकरणस्थल समेत र अन्य भौतिक संरचनाहरु जस्तोः हेडरेस, सर्ज साफ्ट, टनेल,पेनस्टक, अडिट र पावर हाउस आदिको निर्माणस्थल अधिकाशत तनहु र केही चितवनमा पनि परेको छ । यस आयोजनाले तनहु जिल्लाको बन्दीपुर गापा, ऋषिङ गापा, ब्यास नगरपालिका, देबघाट गापा, आबुखैरेनी गापाका भुभागहरु प्रभावित गर्छ भने यसरी नै चितवनको भरतपुर महानगरपालिका-२९ मा पनि केही प्रभाबित गर्छ । यो आयोजना अर्धजलासय एंव पिकिङ रन अफ प्रकृतिको हो जसको क्षमता १२६ मेगावाट रहनुको साथै वार्षिक उर्जा उत्पादन ५२०.७८ गिगावाट आवर रहेको छ । यसको डिजाइन डिस्चार्ज २०६.९० घनमीटर प्रतिसेकेण्ड रहेको छ । प्रस्तावित आयोजनाले तनहु र चितवनको गरी कुल जम्मा २७१.७६ हेक्टर क्षेत्रफल जमीन ओगटछ । जसमा राष्ट्रिय वन क्षेत्र १६१.४६ हेक्टर र निजी जग्गा ११०.३० हेक्टर प्रयोग हुने देखिन्छ । आयोजनाका मुख्य विशेषता र आवश्यक संचनाहरुको विवरण देहाय बमोजिम रहने भनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

### आयोजनाको प्रमुख विशेषताहरू

| विषय | विवरण |
|---|---|
| आयोजनाको नाम | तल्लो सेती (तनहु) जलविद्युत (१२६ मे.वा.) आयोजनाको<br><br>नदी र पानी प्रयोग ः सेती नदीको पानी (यस आयोजनाको उपल्लो क्षेत्रमा निर्माण भैरहेको तनहु जलविद्युत आयोजना १४० मेबाको टेलरेसबाटबाट निस्केको पानी ) र थप मादी नदीको पानी समेत प्रयोग हुने । |
| भौगोलिक अवस्थिति | |
| आयोजना सञ्चालन प्रदेश | गण्डकी प्रदेश |
| जिल्ला र प्रभावित नपा/गापा | क) तनहुँ — बन्दीपुर गापा वडा न.-६, ऋषिगं गापा १, ३, ब्यास नपा -१३ १४<br>देबघाट गापा -२ ३ ४ , आबुखैरेनी गापा- ५ ६ ।<br>ख) चितवन — भरतपुर मनपा -२९ । |

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

| विषय | विवरण |
|---|---|
| | |
| हेडवर्क्स क्षेत्र | बन्दीपुर गापा ६ सारगघाट एरिया दमौलीबाट २४ किमी तल पर्ने । |
| विद्युत गृह क्षेत्र | देबघाट गापा ४ गाइघाटमा अर्धभुमिगत रहने । (सेती र त्रिशुलीको सगमभन्दा १.५ किमी माथि) |
| समुद्री सतहबाट उचाइ | न्यूनतम ३५९.८० मि., अधिकतम ४५४ मि. |
| प्रभावित हुने बस्तीहरु | आयोजनाले प्रभावित गर्ने नजिकका बस्तीहरु,<br>तनहुँ — मसदीघाट, खहरेटार ,सारगघाट ,गाइघाट, देबघाट । |
| भौगर्भिक अवस्था | पहाडी क्षेत्र |
| जलवायु मौसमको अवस्था | उपोष्ण |
| माटोको प्रकार | पागो, फुस्रो बलौटे |
| नजिकको सडकहरु | पृथ्वी राजमार्ग, मुग्लिन नारायणघाट सडक र बुद्धसिह कच्ची रोड । |
| आयोजना क्षेत्रको कोर्डिनेट | अक्षाश — २७ ४७ ३० उत्तर देखि २७ ५५ ०० उत्तर<br>देशान्तर — ८४ १७ ३०पुर्वी देखि ८४ २८ ४२ पुर्वी |
| हेड वर्क्सः<br>अ. ग्रस हेड<br>आ. बाधको लम्बाइ | ७७ मीटर<br>३२ मीटर उचाइ र २१३ मीटर चौडाइको बाध रहने । |
| जलाधार क्षेत्र | १९८०० बर्ग किमी पाबरहाउस क्षेत्र समेत |
| डिजाइन डिस्चार्ज | २०६.९ घनमीटर प्रति सेकेन्ड |

| | | | |
|---|---|---|---|
| औषत बार्षिक डिस्चार्ज | | | |
| इ—फलो | ५.०८ घनमीटर प्रतिसेकेण्ड | | |
| बाँधको क्रेस्ट उचाइ | २७७ मीटर | समुद्र तहबाट | |
| पेनस्टक पाइप | १९७ मीटर अग्लो<br>६.७५ मी. ब्यास भएको | | |
| हेडरेस टनेल | मोडिफाइड हर्ससु | ३ टर्बाइन | |

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

| विषय | विवरण | | |
|---|---|---|---|
| | लम्बाइ ८.२५ मी. | | |
| | | | |
| प्रभावित वन क्षेत्र | राष्ट्रिय वन र सामुदायिक वनहरु र कबुलियती वन समुह समेत | | |
| कुल बार्षिक उर्जा उत्पादन | ५२०.७८ गिगावाट आवर | | |
| आयोजनाले प्रभावित क्षेत्रमा पर्ने प्रतिकुल प्रभाव न्युनीकरण गर्न वातावरणीय व्यवस्थापन योजना बनाएको छ । यसको लागि कुल वातावरणीय लागत अमेरिकी डलर ८,८५,३,१८०.००० व्यवस्थापन हुने प्रतिबेदनमा उल्लेख छ । | | | |
| जम्मा आयोजना लागत — अमेरिकी डलर १८० मिलियन | | | |

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय–सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री तनहु हाइड्रोपावर लि.,थापाथली—१० प्रस्तावक रहेको तल्लो सेती (तनहु) जलबिद्युत (१२६ मे.वा.) आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको WebSite: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ।

प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय–सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय–सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ।

### प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:

श्री उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री बिद्धयुत विभाग सानो गौचरन, काठमाण्डौ ।

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं।

श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर। (फोन नं. कुसुन्ती-५५५५४५४, महाराजगंज-४४१५३७६)

श्री जिल्ला समन्वय समितिको कार्यालय, तनहु ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन ।

श्री बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तनहु ।

श्री ब्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, तनहु ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

श्री ऋषिङ गाउपालिका, गाउकार्यपालिकाको कार्यालय, तनहु ।

श्री देवघाट गाउपालिका, गाउकार्यपालिकाको कार्यालय, तनहु ।

श्री आबु खैरेनी गाउपालिका, गाउकार्यपालिकाको कार्यालय, तनहु ।

श्री भरतपुर महानगरपालिका, महानगर कार्यपालिकाको कार्यालय, चितवन ।

राय सुझाव पठाउने ठेगाना

वन तथा वातावरण मन्त्रालय,

वातावरण प्रभाव अध्ययन शाखा,

सिंहदरवार, काठमाडौं । फो.नं. ०१–४२११५६७, ४२११६३८

फ्याक्स नं. ०१–४२११८६८

ईमेलः-info@mofe.gov.np